महोत्सव व्यवस्थापन

आयोजक

नुवाकोट उद्योग वाणिज्य संघ

सह-आयोजक

जिल्ला विकास समिति, नुवाकोट

र

विदुर नगरपालिका, नुवाकोट ।

सहयोगी संस्थाहरू

उद्योग वाणिज्य महासंघ

नेपाल चेम्बर अफ कमर्स

ललितपुर उद्योग वाणिज्य संघ

भक्तपुर उद्योग वाणिज्य संघ

कृषि उद्यम केन्द्र

GTZ/SEQUA

अन्य

थप जानकारी, सुझाव र स्टल बुकिङका लागि सम्पर्क

**प्रथम नुवाकोट महोत्सवको सचिवालय**

इलम प्रशिक्षण केन्द्र, विदुर, फोन न. ०१०५६१२४१

e- mail : mathotsav2063@yahoo.com

तथा

**नुवाकोट महोत्सव काठमाडौं सहयोग समिति**

वनस्थली, काठमाडौं ०१४६७०२९४

प्रवर्द्धक

NTB

नेपाल पर्यटन बोर्ड

पर्यटक सेवा केन्द्र

भृकुटी मण्डप, काठमाडौं

टेलिफोन नं. : ९७७-१-४२५६९०९

फ्याक्स नं. : ९७७-१-४२५६९१०

ईमेल: info@ntb.org.np

पर्यटक सेवा केन्द्र, पोखरा

टेलिफोन नं. : ०६१-५३५२९२

www.welcomenepal.com

NATURALLY NEPAL

ONCE IS NOT ENOUGH



**'सम्पदा, सँस्कृति र सृजनाको गौरव'**

# प्रथम नुवाकोट महोत्सव-२०६३

**माघ २६ देखि फाल्गुण १ सम्म**

**(Feb. 9-13, 2007)**



**महोत्सव नुवाकोटको,**
**पहिचान नेपालको**

## परिचय

**प्रकृति**, संस्कृति र इतिहासको समृद्धता नै नुवाकोटको गौरवमय परिचय हो । काठमाडौँबाट उत्तरपश्चिमका नौवटा कोटहरु (बेलकोट, धुर्वाकोट, धैबुङकोट, प्यासकोट, भैरमकोट, मालाकोट, सिमलकोट, सल्यानकोट र कालिकाकोट) को साझा नामको रुपमा 'नवकोट' परिमार्जित हुँदै नुवाकोट नामाकरण भएको हो । पवित्र त्रिशूली र तादी नदीले वेष्ठित, राष्ट्र निर्माणको इतिहासमा वर्णित, मौलिक कला संस्कृतिले सुसज्जित र स्वाभिमानी कर्मयोगीहरुको


त्रिशुली बजार

पौरखमा समुज्ज्वलित नुवाकोट आन्तरिक तथा बाह्य पर्यटकका लागि गतिलो गन्तव्य पनि हो । यहाँका कलासंस्कृति, धार्मिक र ऐतिहासिक सम्पदा तथा विशिष्ट पहिचान राख्ने उत्पादनहरू पदयात्री, तीर्थयात्री र प्रकृतिप्रेमी पर्यटकहरुको स्वागतका लागि व्यग्र प्रतीक्षा गरिरहेका छन् । नुवाकोट महोत्सव २०६३ (माघ २६ देखि फागुन १) यिनै विशिष्ट अवयवहरूलाई एकैठाउँमा पारख र प्रदर्शन गर्ने साझा थलो हो।

**ऐतिहासिक** नेपाल-तिब्बत मैत्री सन्धीस्थल, बेत्रावती, २५ वर्षसम्म (वि.सं १८०१-१८२५) नेपालकै राजधानी रहेको रंगमहल, गारदघर, तोपखाना, बारूदखाना, देविघाटको पृथ्वीस्मारक र पृथ्वीनारायण शाहको समाधीस्थल, अंशुवाटिका, शेरा दरबार, टक्सार र आसपासका नौवटै कोट तथा गढीहरु, नुवाकोटका मात्र नभई नेपालकै गौरव बढाउने ऐतिहासिक तथा पुरातात्विक धरोहर हुन् । यिनले इतिहासका अनेकन कालखण्डका सुन्दर वास्तुकलालाई जीवन्त राख्दै आएका छन् । बर्तमानमा पनि रसुवा र धादिङका उत्तरीखण्डको व्यापारीक केन्द्रको रुपमा रहँदै आएको नुवाकोटको व्यापारीक महत्वलाई गल्छी-त्रिशूली-स्याफ्रुबेसी-केरुङ मार्गको निर्माणले अझ बढाउने देखिन्छ।

**धार्मिक** आस्था र विश्वास नेपाली मात्रको अनुपम परिचय हो । नुवाकोटका धार्मिकस्थल, मेला, पर्व र सहिष्णुताले यहाँको मौलिकतालाई बोकेको छ । सिन्दुरेजात्रा, देवीघाटको बैशाखपूर्णिमा मेला, माघेसक्रान्ती र गोरूजात्रा, हात्ती नचाउने जात्रा, एकादशी मेला, दुप्चेश्वर मेला, घाटु, लाखे, ख्याली, नारायण, टाकटुटे, धिमे, सोरठी,देवी लगायतका नाच, धा:बाजा, रामलीला, कृष्णलीला, भजन, बालन, गाईजात्रा, रोपाईँजात्रा, डोरा स्याबा, चेबा, तेइजी, केडगी, मेन्दोमाया जस्ता तामाङ नाच तथा झ्याउरे, काँठे, नेवा: तथा तमु संस्कृतिले नुवाकोटको मौलिकतामा रंग भरेका छन् भने धार्मिक सहिष्णुता, पारस्परिक सद्भाव र सहकार्य मार्फत नुवाकोटको मौलिक सभ्यता प्रकट हुँदै आएको छ । नुवाकोटको भैरवी, देवीघाटको जालपादेवी, कविलाशको नाट्टेश्वरी, त्रिशूलीको राममन्दिर, चारगयामध्येको एक उत्तरगया क्षेत्र, वनदेवी, दुप्चेश्वर महादेवस्थान, कर्मदेछेलिङ गुम्बा, सुगतपूर विहारलगायतका धार्मिकस्थलहरु आस्थाका प्रमुख धरोहर हुन्।

त्रिशूली जलविद्युत गृह, देवीघाट जलविद्युत गृहजस्ता मानवनिर्मित संरचनाहरु पौरखका प्रतिक हुन् भने शिखरबेशी चामल, रानीपौवाको मुला, ककनीको स्ट्रबेरी, त्रिशूलीको माछा, ककनी/मदानपुरको ट्राउट माछा, किम्ताङको आलु, दाङसिङको पिंडालु, गेर्खुटारको मास, पिपलटारको बदाम नाम चलेका कृषि उपज हुन् । नुवाकोटे हस्तकला र सीपको प्रतिकको रुपमा साल्मे-भाल्चेको राडीपाखी, नुवाकोटको मादल र फिकुरी-काहुलेको चित्राफुंगा पर्दछन् । पुरानो सांघुबजार मौलिकता र आधुनिकताको साझा बिम्ब हो भने बट्टार, देवीघाट, बेत्रावती, रातमाटे, रानीपौवा, सातदोबाटो, देउराली, आँप्रह, ढिकुरे लगायतका आधुनिक सभ्यतातर्फ उन्मुख छन् । गेर्खुटारको ग्रामीण पर्यटन पर्यटक आकर्षित गर्ने नवीन प्रयास हो।

पर्यटन विकासको संभावनालाई मूर्तरुप दिने यी सबै पहिचानहरुको आन्तरिक र बाह्य बजारमा ब्यापक प्रचार गरी जिल्लाको विकासका साथै नुवाकोटवासीको जीवनस्तरमा सुधार ल्याउने उद्देश्यले प्रथम नुवाकोट महोत्सव २०६३ आयोजना गरिएको हो।

## लक्ष्य:


ऐतिहासिक भैरवी मन्दिर

नुवाकोट जिल्लाको धार्मिक, ऐतिहासिक, साँस्कृतिक, पर्यटकीय र जैविक विविधताको संरक्षण तथा प्रचारप्रसार गरी समग्र आर्थिक तथा सामाजिक विकासका लागि उद्योग, पर्यटन, शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रको प्रवर्द्धनमा टेवा पुर्‍याउँदै विभिन्न जाति, जनजाति, वर्ग र समुदायका बीच सद्भाव एवं भातृत्व अभिवृद्धिका साथ जिल्लावासीको जीवनस्तर उठाउनका लागि संगठित रुपमा प्रयत्नशील रहनु।








## महोत्सवका उद्देश्यहरू

- धार्मिक, साँस्कृतिक, ऐतिहासिक सम्पदाको चिनारी एवम् सीप, कला/कौशल, उद्यमशीलताको प्रचारप्रसार गर्ने
- लोपोन्मुख कला, लोकसँस्कृति र परम्परालाई जीवन्तता, संरक्षण र सम्वर्द्धन पुऱ्याउने
- जिल्लावासीको आर्थिक, सामाजिक र शैक्षिकस्तरलाई माथि उठाउने प्रयास गर्ने


धार्मिक उत्तरगया क्षेत्र

- जिल्लामा उत्पादित विशिष्ट पहिचान पाएका वस्तुहरु तथा कृषि उपजको उचित बजार मूल्यका साथ जिल्लाको समष्टि व्यापारमा सघाउने
- मध्यस्थकर्ताद्वारा हुने व्यापारलाई घटाई उपभोक्ता र उत्पादक स्वयम्लाई उचित मूल्यमा वस्तु खरिद बिक्री गर्ने मौका प्रदान गर्ने
- जिल्लालाई राष्ट्रिय र अन्तराष्ट्रियस्तरमा चिनारी दिलाई छिमेकी जिल्ला र वैदेशिक रुपमा समन्वय र सम्बन्धको सञ्जाल विकास गर्ने
- नयाँ वस्तु तथा उत्पादनहरूलाई बजारमा प्रदर्शन, प्रचारप्रसार गर्न सघाउने
- प्रतिस्पर्धी र गुणस्तरीय वस्तुको व्यापार/सेवा बढाई उपभोक्तामा वैकल्पिक छनोटको अवसर प्रदान गर्ने
- 'एक गाउँ एक उत्पादन' को अवधारणालाई सफलीभूत पार्न जिल्लाको उत्पादन विशिष्टीकरण गर्ने
- जिल्लाको पर्यटकीय क्षेत्रको प्रचार प्रसार र भ्रमण गराई पर्यटक आकर्षणका लागि थप स्थान पहिचान र कार्यक्रम बनाउन सहयोग पुऱ्याउने
- पर्यटन क्षेत्रको विकासमा संलग्न साझेदार संस्थाहरूलाई व्यवसायमा थप गुणस्तरीय पर्यटकीय स्थल, सेवा र वस्तुको विकास एवं प्रबर्द्धन गर्ने अवसर प्रदान गर्ने
- नुवाकोट हुँदै गोसाईंकुण्ड-लाङटाङ उपत्यका-लाङटाङ हिमाल जोड्ने आकर्षक वैकल्पिक मार्गको खोज, अनुसन्धान र विकास गर्ने
- त्रिशूलीबाट सुरु गरी सामरीभञ्ज्याङ-धादिङ-गोरखा-लमजुङ हुँदै पोखरा पुग्ने ऐतिहासिक पदयात्रा मार्ग पुन: सञ्चालनमा ल्याउन सम्बन्धित निकायहरूसँग समन्वयात्मक कार्यक्रम अगाडि बढाउने

## महोत्सवका आकर्षणहरू

### क) कला, संस्कृति, साहित्य र मनोरञ्जन

- विविध जाती/जनजाती तथा आदीवासीको आकर्षक साँस्कृतिक झाँकी प्रदर्शन।
- राष्ट्रियस्तरका कलाकारहरूको गायन प्रदर्शन सहित खुल्ला लोकगीत/लोकदोहोरी प्रतियोगिता


मल्लकालिन लाखेनाच

- रेस्लिङ तथा मार्शल आर्टस् प्रदर्शन
- सांस्कृतिक र ऐतिहासिक लाखेनाच प्रतियोगिता र अन्य साँस्कृतिक उत्सव प्रदर्शन
- घाटुनाचको प्रदर्शन, कँठिभाका गीत प्रतियोगिता


नेवारी सांस्कृतिक धिमेबाजा

- राष्ट्रिय खेलाडीहरूको मैत्रिपूर्ण भलिबल खेल
- नेवारी, तामाङ, गुरुङ, मगर आदिको साँस्कृतिक बाजा तथा नृत्य
- वालन/ भजन/चुड्का प्रतियोगिता
- राष्ट्रिय कलाकारहरूको हाँस्यव्यंग्य गीत, नृत्य र नाटक
- जलविहार/वालउद्यान/रमाईलो मेला
- साहित्य सन्ध्या
- संस्थागत भाले जुधाइ (cock fight)
- गोरू जुधाउने
- जलविद्युत गृह, मत्स्य अनुसन्धान, वागवानी


परम्परागत गोरु जुधाउने प्रथा

- कफि प्लाण्टेकको अवलोकन
- कृषि तथा औद्योगिक प्रदर्शनी
- जनचेतनामूलक नाटक मञ्चन
- पुरातात्विक एवं ऐतिहासिक संग्रहालय अवलोकन तथा शताब्दियौं पुराना ऐतिहासिक, पौराणिक, धार्मिक पुस्तक प्रदर्शनी


सांस्कृतिक घाटुनाच

- नेवारी सँस्कृति तथा खानाउत्सव

### ख) व्यापारिक क्रियाकलापहरू

- नुवाकोटका विशिष्ट कृषि उपजहरूको प्रदर्शनी र बिक्री





